# <u>मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना:</u> मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन संवत २०७५ साल भदौ १ गते देखि प्रारम्भ हुनेछ ।

२. <u>मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा संशोधन:</u> मुलुकी देवानी (संहिता) ऐन, २०७४ को,–

(१) दफा १ को उपदफा (१) मा रहेका "मुलुकी देवानी (संहिता) ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी संहिता, २०७४" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ४२ को उपदफा (६) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएकोछ :–

" (घ) आफ्नो कार्य सम्पादन गर्न कानूनको अधीनमा रही कर्मचारी नियुक्ति गर्न,"

(३) दफा ५४ को उपदफा (७) को खण्ड (क) मा रहेका "नेपाल सरकारलाई" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ६१ को उपदफा (१) को खण्ड (ग) मा रहेका "नेपाल सरकारलाई" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ७२ को उपदफा (१) को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन्:–

" (ग) दफा ७० को उपदफा (१) को खण्ड (घ) विपरित भएको विवाह ,

(घ) कानून बमोजिम अंशवण्डा गरी भिन्न भएको अवस्थामा बाहेक विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा गरेको अर्को विवाह ।"

(६) दफा ७३ को उपदफा (१) को खण्ड (क) झिकिएको छ ।

(७) दफा ७४ को उपदफा (२) को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन् :–

"(ग) दफा ७० को उपदफा (१) को खण्ड (घ) बमोजिम विवाह गर्ने उमेर पूरा नभएमा ।

(घ) वहुविवाह कायम हुने अवस्था भएमा ।"

(८) दफा ७६ को, -

(क) उपदफा (१) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी समक्ष" भन्ने शब्दहरूको सट्टा "कानून बमोजिम तोकिएको अधिकारी समक्ष" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (३) मा रहेका "नेपाल सरकारले तोकिदिएको ढाँचामा" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून बमोजिमको ढाँचामा" भन्ने शब्दहरू राखिएका छन् ।

(९) दफा ८० को उपदफा (२) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको ढाँचामा" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानूनले तोकिएको ढाँचामा " भन्ने शब्दहरू राखिएका छन् ।

(१०) दफा ९६ मा रहेको "अदालतमा" भन्ने शब्दको सट्टा "सम्बन्धित जिल्ला अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

(११) दफा ११३ को, -

(क) उपदफा (१) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारी समक्ष" भन्ने शब्दहरूको सट्टा "कानून बमोजिम तोकिएको अधिकारी समक्ष" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानूनमा तोकिदिए बमोजिमको" भन्ने शब्दहरू राखिएका छन् ।

(१२) दफा ११७ को उपदफा (१) र (२) मा रहेको "अदालत" भन्ने शब्दको सट्टा "सम्बन्धित जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(१३) दफा १३० मा रहेका "त्यसरी नियुक्त भएको वा" भन्ने शब्दहरुको सट्टा "त्यसरी नियुक्त भएको शिक्षक वा" भन्ने शब्दहरु राखिएका छन् ।

(१४) दफा १३५ मा रहेका "व्यक्तिको हक, हित वा संरक्षण" भन्ने शब्दहरुको सट्टा "व्यक्तिको संरक्षण, निजको हक वा हितको संरक्षण" भन्ने शब्दहरु राखिएका छन् ।

(१५) दफा १४५ को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "देवानी" भन्ने शब्द झिकिएको छ ।

(१६) दफा १७१ को उपदफा (३) मा रहेका "अदालतमा निवेदन" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित जिल्ला अदालतमा निवेदन" भन्ने शब्दहरु राखिएका छन् ।

(१७) दफा १७७ को उपदफा (१) मा रहेका "सम्बन्धित अदालतमा" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित जिल्ला अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

(१८) दफा २०० मा रहेका "विदेशस्थित नेपाली नियोग र त्यस्तो नियोग " भन्ने शब्दहरुको सट्टा "नेपाली नियोग र त्यस्तो दूतावास वा नियोग" भन्ने शब्दहरु राखिएका छन् ।

(१९) दफा २४५ मा रहेका "ज्यान लिने वा लिन लगाउनेका हकवालाले" भन्ने शब्दहरुको सट्टा "ज्यान लिने वा लिन लगाउने व्यक्ति र निजका हकवालाले" भन्ने शब्दहरु राखिएका छन् ।

(२०) दफा २४८ को उपदफा (२) मा रहेका "हकवाला रहेनछ । तर " भन्ने शब्दहरुको सट्टा "हकवाला रहेनछ र" भन्ने शब्दहरु राखिएका छन् ।

(२१) दफा २९९ मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन् ।

(२२) दफा ३०५ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छ : –

"(६) सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ति आफ्नो वा व्यक्ति विशेषको नाममा दर्ता गराउने कार्य प्रचलित कानून बमोजिम पनि कसूर हुनेमा सो बमोजिमको कसूरमा सजाय गर्नको लागि कारबाही चलाउन यस दफामा लेखिएका कुराले कुनै बाधा पर्ने छैन।"

(२३) दफा ३२८ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः –

" (ग) निजको मृत्यु भएमा वा दामासाहीमा परेमा,"

(२४) दफा ३४२ को उपदफा (१) को खण्ड (च) मा रहेका "गुठी सञ्चालक बहाल रहेको वा गुठी सञ्चालकबाट" भन्ने शब्दहरुको सट्टा "गुठी सञ्चालक बहाल रहेको अवधिभर र गुठी सञ्चालकबाट" भन्ने शब्दहरु राखिएका छन् ।

(२५) दफा ३४९ मा रहेका "उच्च अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२६) दफा ४२८ मा रहेका "माथवरी वा गर्भमा रहेका शिशुको लागि " भन्ने शब्दहरुको सट्टा "माथवरीमा रहेको असक्षम वा अर्धसक्षम व्यक्ति वा संरक्षकले आफ्नो वा सगोल परिवारका सदस्यले गर्भमा रहेको शिशुको लागि" भन्ने शब्दहरु राखिएका छन् ।

(२७) दफा ४३२ को उपदफा (१) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :–

"तर गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।"

(२८) दफा ४३४ मा रहेका "दफा ४४९" भन्ने शब्दहरुको सट्टा "दफा ४३२" भन्ने शब्दहरु राखिएका छन् ।

(२९) दफा ४५८ को उपदफा (१) मा रहेका "दफा ४७१, ४७२ वा ४७३ मा" भन्ने शब्दहरुको सट्टा "दफा ४५५, ४५६ वा ४५७ मा" भन्ने शब्दहरु राखिएका छन् ।

(३०) दफा ४५९ मा रहेका "दफा ४७८ र ४७९ मा" भन्ने शब्दहरुको सट्टा "दफा ४५७ र ४५८ मा" भन्ने शब्दहरु राखिएका छन् ।

(३१) दफा ५११ को उपदफा (२) मा रहेका "एक वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(३२) दफा ५२७ को खण्ड (ङ) मा रहेका "नहुने करार" भन्ने शब्दहरुको सट्टा "हुन नसक्ने करार" भन्ने शब्दहरु राखिएका छन् ।

(३३) दफा ५३६ मा रहेका "करार रद्द गर्ने कार्य त्यस्ता सम्पूर्ण व्यक्तिहरुले रद्द गरेमा " भन्ने शब्दहरुको सट्टा "करार रद्द गर्ने कार्य त्यस्ता सम्पूर्ण व्यक्तिहरुले गरेमा" भन्ने शब्दहरु राखिएका छन् ।

(३४) दफा ५७२ को उपदफा (२) मा रहेका "करारमा निश्चित रकम" भन्ने शब्दहरुको सट्टा "निश्चित रकम" भन्ने शब्दहरु राखिएका छन् ।

(३५) दफा ६१८ को उपदफा (७) मा रहेका "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरुको सट्टा "यस दफामा लेखिएको कुनै कुराले " भन्ने शब्दहरु राखिएका छन् ।

(३६) दफा ६४४ को उपदफा (१) को खण्ड (ज) मा रहेको "व्यवहार" भन्ने शब्द पछि "वा" भन्ने शब्द थपिएको छ ।

(३७) दफा ६५६ को दफा शीर्षकमा रहेको "आफन्तले" भन्ने शब्द झिकिएको छ ।

(३८) दफा ६७२ को उपदफा (४) झिकिएको छ ।

(३९) दफा ६७६ मा रहेका "त्यस्तो पशु धनीले दायित्व " भन्ने शब्दहरुको सट्टा "वापतको दायित्व त्यस्तो पशु धनीले" भन्ने शब्दहरु राखिएका छन् ।

(४०) दफा ६८० को स्पष्टीकरणमा रहेका "त्यसको उत्पादनको कब्जा अनधिकृत क्षति " भन्ने शब्दहरुको सट्टा "त्यसको उत्पादनको कब्जा, अनधिकृत क्षति" भन्ने शब्दहरु राखिएका छन् ।

(४१) दफा ६९२ को ठाउँठाउँमा रहेको "परिच्छेद" भन्ने शब्दको सट्टा "भाग" भन्ने शब्द राखिएको छ ।

(४२) लामो शीर्षक , प्रस्तावना, विधि निर्माण सुत्र र दफा १ को उपदफा (१) बाहेक अन्यत्र ठाउँठाउँमा रहेको "ऐन" भन्ने शब्दको सट्टा "संहिता" भन्ने शब्द राखी रुपान्तर गरिएको छ ।

३. <u>मुलुकी देवानी कार्यविधि (संहिता) ऐन , २०७४ मा संशोधनः</u> मुलुकी देवानी कार्यविधि (संहिता) ऐन , २०७४ को,–

(१) दफा १ को उपदफा (१) मा रहेका "मुलुकी देवानी कार्यविधि (संहिता) ऐन , २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी कार्यविधि संहिता, २०७४" राखिएको छ ।

(२) दफा ९ को उपदफा (३) को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा २८ को उपदफा (१) को स्पष्टीकरणको खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) "सरकारी कार्यालय " भन्नाले राष्ट्रपतिको कार्यालय , उपराष्ट्रपतिको कार्यालय , सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, नेपाल सरकारको कार्यालय, प्रदेश सरकारको कार्यालय, स्थानीय तहको कार्यालय , प्रदेश प्रमुखको कार्यालय , संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल लगायतका संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय सम्झनु पर्छ ।"

(४) परिच्छेद–४ को ठाउँठाउँमा रहेका देहायका शब्दको सट्टा देहाय बमोजिमका शब्द राखि रुपान्तर गरिएकोछ :–

( क) "हस्ताक्षर" भन्ने शब्दको सट्टा "दस्तखत"

( ख) "दर्जा" भन्ने शब्दको सट्टा "पद"।

(५) दफा ४८ मा रहेका "फिराद गर्नु पर्ने कारण परेको मितिले छ महिनाभित्र " भन्ने शब्दहरुको सट्टा "जहिले सुकै पनि" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा ५१ को उपदफा (२) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः-

"<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "सार्वजनिक बिदा भन्नाले" प्रचलित कानून बमोजिम तोकिएको सार्वजनिक विदा सम्झनु पर्छ ।"

(७) दफा ५८ को खण्ड (क) मा रहेको "शोकवरण" भन्ने शब्दको सट्टा "किरिया सरहको शोकवरण" भन्ने शब्दहरु राखिएका छन् ।

(८) दफा ६३ को उपदफा (३) मा रहेका "नेपाल सरकार वा प्रदेश सरकार बादी हुने मुद्दा, स्थानीय तहको क्षेत्राधिकारभित्रको मुद्दा सार्वजनिक वा सरकारी सम्पत्तिको उपयोगको मुद्दा" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह बादी हुने मुद्दा" भन्ने शब्दहरु राखिएका छन् ।

(९) दफा ६४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः –

"(१) यस परिच्छेद बमोजिम लाग्ने अदालती शुल्क दाखिल नगरी अदालतमा दिएको फिरादपत्र वा पुनरावेदनपत्र , लिएको प्रतिदाबी वा मुद्दा पुनरावलोकन गरी वा दोहो र्याई हेर्न दिएको निवेदन उपर कुनै कारबाही हुन सक्ने छैन ।"

(१०) दफा ७२ मा रहेका "मुद्दा दायर" भन्ने शब्दहरुको सट्टा "फिरादपत्र दायर" भन्ने शब्दहरु राखिएका छन् ।

(११) दफा ९९ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः –

"(४) उपदफा (१) बमोजिम बादी वा निजको कानून व्यवसायीले प्रतिबादीलाई म्याद बुझाउन ल्याएमा प्रतिबादीले त्यस्तो म्याद बुझिलिनु पर्नेछ र त्यसरी बुझी लिएकोमा रीतपूर्वक म्याद बुझाएको मानिनेछ ।"

(१२) दफा १०७ को उपदफा (१) मा रहेको "पहिचान" भन्ने शब्दको सट्टा "अभिलेख" भन्ने शब्द राखिएको छ ।

(१३) दफा ११९ को उपदफा (१) मा रहेका "म्याद तामेल भएको मितिले" भन्ने शब्दहरुको सट्टा "म्याद तामेल भएको मितिले बाटोको म्याद बाहेक" भन्ने शब्दहरु राखिएका छन् ।

(१४) दफा १२८ को सट्टा देहायको दफा १२८ राखिएको छः –

"१२८. <u>लिखत दरपीठ गर्नु पर्ने</u> : (१) दफा १२६ बमोजिम जाँच गर्दा त्यस्तो लिखत हदम्याद वा म्यादभित्र नभएको, सम्बन्धित अदालतको अधिकारक्षेत्रभित्र नरहेको , अदालतले हेर्न नपर्ने वा नहुने वा कानून विपरीत भएको कारण दर्ता गर्न नमिल्ने देखिएमा सम्बन्धित अधिकृतले दरपीठ गरी अदालतको छाप लगाई सम्बन्धित व्यक्तिलाई भरपाई गराई फिर्ता दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अधिकार क्षेत्र नभएको कारणले दरपीठ भएको उजुरीको विषयमा मुद्दा गर्नु पर्ने अन्तिम हदम्याद दरपीठ भएको दिनसम्म रहेछ भने प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो उजुरी गर्ने ब्यक्तिले सो दिनबाट बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र दर्ता गर्न ल्याएमा अधिकार क्षेत्र भएको अदालतले कानून बमोजिम दर्ता गरिदिनु पर्नेछ ।"

(१५) दफा १४२ को ठाउँठाउँमा रहेका "वा त्यस्तो निकाय" भन्ने शब्दहरु झिकि सोही दफाको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः—

"तर मुद्दाको प्रमाण परीक्षण गर्दा, सुनुवाई गर्दा वा अदालतले उपस्थित हुन भनी आदेश दिएको दिन नेपाल सरकार, संवैधानिक निकाय वा अदालतको प्रतिनिधित्व गर्न सरकारी वकील र प्रदेश सरकार वा स्थानीय तहको प्रतिनिधित्व गर्न प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकील उपस्थित हुनु पर्नेछ।"

(१६) दफा १५४ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएकोछ :—

"(५) यस दफा बमोजिमको अख्तियारनामा प्रमाणीत गर्दा तीन पुस्ताको नाताभित्र भएमा दफा १५३ को उपदफा (४) बमोजिम र सो बाहेक अरुलाइ सम्पत्ति बिक्रि गर्ने वा हक छाडी दिने गरी गरिएको अख्तियारनामा प्रमाणीत गर्दा पाँच हजार रुपैयाँ दस्तुर लाग्नेछ ।"

(१७) दफा १५५ को उपदफा (१) को ,-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) वारिस मार्फत हक हस्तान्तरण वा सट्टा पट्टा गर्ने भनिएको सम्पत्ति सम्बन्धित व्यक्ति नै आफै उपस्थित भई हस्तान्तरण वा सट्टा पट्टा गरेमा,"

(ख) परिच्छेद-१३ को ठाउँठाउँमा रहेको " अख्तियारनामा" भन्ने शब्दको सट्टा "वारिसनामा" भन्ने शब्द राखिएको छ ।

(१८) दफा १९१ को उपदफा (७) झिकिएको छ ।

(१९) दफा १९५ मा रहेका "मुद्दा र" भन्ने शब्दहरु झिकिएका छन् ।

(२०) दफा १९७ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) अदालतबाट एकतर्फी फैसला भएकोमा त्यसरी फैसला गर्ने अदालतले त्यस्तो फैसला तयार भई प्रमाणीकरण भएको मितिले तीस दिनभित्र मुद्दामा उपस्थित नरहेको पक्ष लाई फैसलाको अनुसूची-२० बमोजिमको ढाँचामा परिच्छेद-८ को प्रक्रिया पूरा गरी सूचना तामेल गर्नु पर्नेछ र त्यस्तो सूचना तामेल हुन नसकेमा मुद्दामा उपस्थित नरहेको पक्ष को जानकारीको लागि राष्ट्रियस्तरका दैनिक पत्रिकामा एकतर्फी फैसला भएको सूचना प्रकाशन गर्नु पर्नेछ ।"

(२१) दफा १९८ को ,–

(क) उपदफा (१) मा रहेका "दफा १९२ बमोजिम " भन्ने शब्दहरुको सट्टा "दफा १९७ बमोजिम " भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन् :—

"(२क) उपदफा (१) बमोजिमको अवधिभित्र फैसला तयार हुन नसकेमा त्यस्तो अवधि समाप्त भएको तीन दिनभित्र सम्बन्धित पक्षले उच्च अदालत र मातहत अदालतको फैसलाको हकमा सम्बन्धित उच्च अदालतका मुख्य न्यायाधीश समक्ष र सर्वोच्च अदालतको फैसलाको हकमा प्रधान न्यायाधीश समक्ष उजुर गर्न सक्नेछ ।

(२ख) उपदफा (२क) बमोजिम उजुर पर्न आएकोमा सम्बन्धित मुख्य न्यायाधीश वा प्रधान न्यायाधीशले एक हप्ताभित्र फैसला तयार गरी सक्न सम्बन्धित न्यायाधीशलाई निर्देशन दिनु पर्नेछ ।"

(२२) दफा २०० को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः –

"(५) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले फैसला सुनिपाएको कागज गराएको दिनमानै फैसला तयार गरी न्यायाधीशले हस्ताक्षर गरी प्रमाणीकरण गरेकोमा बाहेक अन्य अवस्थामा फैसला सुनिपाएको कागज गराएको भएपनि दफा १९८ बमोजिम फैसला प्रमाणीकरण भएको दिनलाई फैसला सुनिपाएको दिन मानिनेछ ।"

(२३) दफा २०१ को उपदफा (४) मा रहेका "तारिख तोक्नु पर्ने भए पक्षलाई " भन्ने शब्दहरु पछि "पन्ध्रदिन भित्र हाजिर हुन जानु भनी" भन्ने शब्दहरु थपिएका छन् ।

(२४) दफा २०३ को ,–

(क) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः –

"(४क) कुनै अदालतमा दायर रहेको कुनै मुद्दा यस संहिता बमोजिम त्यस्तो अदालतको न्यायाधीशले हेर्न नहुने कुनै कारण भएमा सम्बन्धित अदालतले त्यस्तो कुरा उल्लेख गरी पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन पठाउनु पर्नेछ र त्यस बमोजिम प्रतिवेदन प्राप्त भएमा पुनरावेदन सुन्ने अदालतले पक्षहरुको सुविधालाई समेत विचार गरी त्यस्तो मुद्दा आ फ्नो प्रादेशिक अधिकार क्षेत्रको समान तहको अर्को अदालतमा सार्न आदेश दिन सक्नेछ ।"

(ख) उपदफा (५) र (६) मा रहेका "उपदफा (२) वा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२), (३) र (४क)" भन्ने शब्दहरु राखिएका छन् ।

(२५) दफा २०६ को खण्ड (ख) मा रहेको "मिलापत्र" भन्ने शब्दको सट्टा "मेलमिलाप वा मिलापत्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२६) दफा २१८ को उपदफा (२) मा रहेका "त्यस्तो पुनरावेदनको पहिले निर्णय नभए सरह ठानी " भन्ने शब्दहरु झिकिएका छन् ।

(२७) दफा २१९ को ,–

(क) दफा (१) को खण्ड (क) र (ग) को सट्टा देहायको खण्ड (क) र (ग) राखिएका छन् :-

"(क) उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रुटी भएको,

(ग) सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा"

(ख) उपदफा (३) मा रहेका "तोकिए बमोजिमका" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) बमोजिमको अवस्था रहेको प्रमाणित गर्ने" भन्ने शब्दहरु राखिएका छन ।

(ग) उपदफा (६) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (५)" भन्ने शब्दहरु राखिएका छन् ।

(२८) दफा २२० को उपदफा (३) र (४) को सट्टा देहायका उपदफा (३) र (४) राखिएका छन्: –

"(३) पुनरावलोकनको लागि निवेदन दिँदा सर्वोच्च अदालतका न्यायाधीशले फैसला वा अन्तिम आदेशमा हस्ताक्षर गरी प्रमाणीत गरेको मितिले साठी दिन भित्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर पहिला फैसला गर्ने न्यायाधीश बाहेकका अन्य न्यायाधीशबाट अनुमति प्रदान गर्ने वा नगर्ने आदेश गर्नु पर्नेछ ।"

(२९) दफा २२५ को ,–

(क) उपदफा (१) को खण्ड (क) , (ख), (ग), (घ), (ङ) र (च) को सट्टा देहायका खण्ड (क) (ख), (ग), (घ), (ङ) र (च) राखिएका छन् :–

"(क) अदालतमा उपस्थित हुनु पर्ने व्यक्तिको कोही मृत्यु भई परम्परा अनुसार निज आफै किरिया वा किरिया सरहको शोकवरण गरी बस्नु परेको भए त्यस्तो व्यक्तिको मृत्यु भएको पन्ध्र दिन पुगेको मितिले बाटोको म्याद बाहेक सात दिन,

(ख) अदालतमा उपस्थित हुनु पर्ने व्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक साठी दिन,

(ग) अदालतमा उपस्थित हुनु पर्ने म्यादभित्र खोलो पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यूको घोषणा भएको वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(घ) अदालतमा उपस्थित हुनु पर्ने म्यादभित्र भूकम्प वा ज्वालामुखी जस्ता विपद् परेको भए त्यस्तो भएको मितिले बाटोको म्याद बाहेक दश दिन,

(ङ) अदालतमा उपस्थित हुनु पर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएको भए त्यस्तो अपहरण वा बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(च) अदालतमा उपस्थित हुनु पर्ने व्यक्ति कुनै दुर्घटनाको कारण अचेत वा हिँडडुल गर्न नसक्ने भई वा अशक्त विरामी भएको कारण हिँडडुल गर्न नसक्ने भई नेपाल सरकारबाट स्वीकृत अस्पतालमा भर्ना भई उपचार गराएकोमा पन्ध्र दिन ।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :–

"(१क) उपदफा (५) को खण्ड (क) र (ङ) को अवस्थामा सम्भव भएसम्म सम्बन्धित व्यक्तिले अदालतलाई सोको सूचना तुरुन्त दिनु पर्नेछ ।"

(३०) दफा २६१ को उपदफा (२) मा रहेको "सरकारी वकीलले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तहको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले" भन्ने शब्दहरू राखिएका छन् ।

(३१) दफा २६२ को उपदफा (२) मा रहेका "परिच्छेद–८" भन्ने शब्दहरुको सट्टा "परिच्छेद–२१" भन्ने शब्दहरु राखिएका छन् ।

(३२) दफा २६३ को,-

(क) उपदफा (१) मा रहेको "सरकारी वकीलले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार बादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह बादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांँशमा रहेका सरकारी वकीलले " भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार बादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह बादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले " भन्ने शब्दहरू राखिएका छन् ।

(३३) दफा २७० झिकिएको छ ।

(३४) दफा २८६ को सट्टा देहायको दफा २८६ राखिएकोछः-

"२८६. <u>अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने</u> : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-२८ मा आवश्यक हेरफेर र थपघट गर्न सक्नेछ ।

(२) सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची -२८ बाहेकका अन्य अनुसूचीहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।"

(३५) दफा २८८ मा रहेका "सर्वोच्च अदालतले" भन्ने शब्दहरूको सट्टा "सर्वोच्च अदालतले र अन्य विषयमा नेपाल सरकारले" भन्ने शब्दहरू राखिएका छन् ।

(३६) लामो शीर्षक , प्रस्तावना र विधि निर्माण सुत्र , दफा १ को उपदफा (१) र अनुसूची –१ बाहेक अन्यत्र ठाउँ ठाउँमा रहेको "ऐन" भन्ने शब्दको सट्टा "संहिता" भन्ने शब्द राखी रुपान्तर गरिएको छ ।

(३७) अनुसूची-१३ को ठाउँठाउँमा रहेका " अख्तियारनामा" भन्ने शब्दको सट्टा "वारिसनामा" भन्ने शब्द राखिएको छ ।

४. <u>मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा संशोधन</u> : मुलुकी अपराध (संहिता) ऐन, २०७४ को,–

(१) दफा १ को उपदफा (१) मा रहेका "मुलुकी अपराध (संहिता) ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी अपराध संहिता, २०७४" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २ को उपदफा (३) मा रहेका "नेपाली नागरिकले" भन्ने शब्दहरुको सट्टा "नेपाली नागरिक वा अन्य कसैले" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ३ को,–

(क) खण्ड (ञ को उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएको छ :–

"(३) स्थानीय तह वा जिल्ला समन्वय समितिको कुनै पद वा सेवामा निर्वाचित, मनोनीत वा नियुक्त भएको व्यक्ति,"

(ख) खण्ड (ढ) को ,–

(१) उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छ :–

"(२क) संविधान बमोजिम प्रदेश प्रमुखबाट भएको औपचारिक कार्यको अभिलेखको रुपमा रहेको लिखत,"

(२) उपखण्ड (३) पछि देहायको उपखण्ड (३क) थपिएको छ :–

"(३क) संघीय, प्रदेश वा स्थानीय कानून बमोजिम जारी भएको कुनै लिखत,"

(४) दफा ४ मा रहेका "यस ऐनको" र "यस ऐन" भन्ने शब्दहरुको सट्टा क्रमशः "यस संहिताको" र "यस संहिता" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा २४ को उपदफा (३) मा रहेका "विश्वास भई" भन्ने शब्दहरुको सट्टा "विश्वास भएमा" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा ३३ को उपदफा (२) मा रहेका "एक जना मात्र वा दुवै जनाले " भन्ने शब्दहरुको सट्टा "एक जना मात्र वा दुई वा दुई भन्दा बढी व्यक्तिहरुले" भन्ने शब्दहरु राखिएका छन् ।

(७) दफा ३८ को,–

(क) खण्ड (ट) मा रहेका "लाभको प्रलोभन पाउन" भन्ने शब्दहरुको सट्टा "लाभ पाई वा लाभ पाउने प्रलोभनमा परी" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ड) मा रहेका "क्रुर यातना," भन्ने शब्दहरुको सट्टा "यातना दिई वा क्रुर," भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (ध) मा रहेका "विनाश गर्ने" भन्ने शब्दहरु पछि "गरी" भन्ने शब्द थपिएको छ ।

(घ) खण्ड (भ) मा रहेका "सवारी साधन," भन्ने शब्दहरुको सट्टा "सवारी वा" भन्ने शब्दहरु राखिएका छन् ।

(८) दफा ४० को उपदफा (१) को खण्ड (छ) मा रहेका "सामुदायिक सेवा" भन्ने शब्दहरुको सट्टा "सुधार गृह वा सामुदायिक सेवा" भन्ने शब्दहरु राखिएका छन् ।

(९) दफा ४१ को खण्ड (ङ) मा रहेका "लोप गर्ने" भन्ने शब्दहरुको सट्टा "विनाश गर्ने गरी" भन्ने शब्दहरु राखिएका छन् ।

(१०) दफा ४३ र ४४ को सट्टा देहायका दफा ४३ र ४४ राखिएका छन् :—

"४३. **<u>एकीकृत कसूर वापत थप सजाय हुने</u>** (१) कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसूर गरेमा त्यस्तो व्यक्तिले एकीकृत कसूर गरेको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको एकीकृत कसूर गर्ने कसूरदारलाई सजाय गर्दा सबैभन्दा बढी सजाय हुने कसूर वापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसूर वापतको सजायको आधा सजाय थप गरी सजाय गर्नु पर्नेछ।

तर जन्मकैदको सजाय हुने अवस्थाको कसूरदारको हकमा यो उपदफा लागू हुने छैन।

४४. <u>थप सजाय हुने</u> : (१) जघन्य वा गम्भीर कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुनेछ ।

तर जन्म कैदको सजाय पाएको कसूरदारको हकमा यो दफा लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिमको कसूर बाहेक अन्य कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्ष भित्र अर्को कसूर गरेमा निजलाई पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुनेछ ।"

(११) दफा ४५ को,–

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :–

"(२) दश वर्ष वा दश वर्ष भन्दा माथी र चौध वर्षभन्दा कम उमेर भएको व्यक्तिले कानून बमोजिम जरिबाना हुने कुनै कसूर गरेकोमा जरिबाना नगरी निजलाई सम्झाई बुझाई गर्नु पर्नेछ र कैद हुने कसूर गरेकोमा कसूर हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिनेछ ।"

(ख) उपदफा (३) र (४) मा रहेका "कैदको सजाय हुने" भन्ने शब्दहरु झिकिएका छन् ।

(ग) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :–

"(५) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर , गम्भीर कसूर वा पटके रुपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन ।"

(१२) दफा ४६ को,—

(क) उपदफा (२) को खण्ड (क) मा रहेको "सजाय हुने" भन्ने शव्दहरु पछि "ठहर भएको" भन्ने शव्दहरु थपिएका छन् ।

(ख) उपदफा (२) को खण्ड (ग) र उपदफा (३) को खण्ड (ख) मा रहेका "कैद सजाय निर्धारण" भन्ने शब्दहरुको सट्टा "कैद निर्धारण" भन्ने शब्दहरु राखिएका छन् ।

(१३) दफा ४८ को सट्टा देहायको दफा ४८ राखिएको छः-

"४८. **<u>अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्नेः</u>** (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूर भएको कारणबाट त्यस्तो कसूरबाट पीडित व्यक्ति वा निजमा आश्रित व्यक्तिलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश भएमा कसूरबाट पीडित वा निजका आश्रित व्यक्तिलाई फौजदारी कसूरमा सजाय निर्धारण र कार्यान्वयन सम्बन्धी प्रचलित

कानून बमोजिम स्थापना भएको पीडित राहत कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको क्षतिपूर्ति वा राहत रकम अदालतबाट फैसला हुँदा अभियोग लागेको व्यक्ति कसूरदार ठहर भएमा त्यस्तो कसूरदारलाई फैसला भएको पैंतीस दिनभित्र त्यस्तो रकम पीडित राहत कोषमा जम्मा गर्न अदालतले आदेश दिनेछ।

(४) उपदफा ( ३) बमोजिम अदालतले आदेश दिएकोमा त्यस्तो कसूरदारले क्षतिपूर्ति वा राहत वापत को रकम पीडित राहत कोषमा जम्मा गर्नु पर्नेछ र निजले सो अवधिमा त्यस्तो रकम जम्मा नगरेमा फैसला भएको साठी दिनभित्र त्यस्तो कसूरदारको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति वा राहत रकम पाएको व्यक्तिले झुठा उजूरी गरेको ठहरेमा वा वारदात स्थापित नभएमा निजले क्षतिपूर्ति वा राहत वापत पाएको रकम फिर्ता गर्न अदालतले आदेश दिनेछ।

(६) उपदफा ( ५) बमोजिम अदालतले आदेश दिएकोमा त्यस्तो व्यक्तिले क्षतिपूर्ति वा राहत वापत पाएको रकम फैसला भएको पैंतीस दिनभित्र पीडित राहत कोषमा फिर्ता गर्नु पर्नेछ र निजले सो अवधिमा त्यस्तो रकम फिर्ता नगरेमा फैसला भएको साठी दिनभित्र त्यस्तो व्यक्तिको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।"

(१४) दफा ५६ को उपदफा (२) को,–

(क) खण्ड (ग) मा रहेका "पचास हजार रुपैंयाँ" भन्ने शब्दहरुको सट्टा "पचास हजार रुपैंयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (घ) मा रहेका "एक लाख रुपैंयाँ" भन्ने शब्दहरुको सट्टा "एक लाख रुपैंयाँसम्म भन्ने शब्दहरु राखिएका छन् ।

(१५) दफा ६८ को उपदफा (१) मा रहेका "डर, त्रास," भन्ने शब्दहरुको सट्टा "डर त्रास" भन्ने शब्दहरु राखिएका छन् ।

(१६) दफा ७० को उपदफा (२) मा रहेको "र" भन्ने शब्दको सट्टा "वा" भन्ने शब्द राखिएको छ ।

(१७) दफा ७३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :–

"(१) कसैले यस परिच्छेद अन्तर्गतको कुनै कसूर गरी कानून बमोजिम आवश्यक वस्तु मानिने कुनै वस्तु वा सार्वजनिक वा निजी सम्पत्ति हानि , नोक्सानी, तोडफोड वा आगजनी गर्न वा गराउन वा अरु कसैलाई प्रयोग गरी वा आफैंले त्यस्तो वस्तु वा सम्पत्ति विगार्नु हुँदैन ।"

(१८) दफा १०० को उपदफा (१) को स्पष्टीकरणमा रहेको "नगद," भन्ने शब्द पछि "जेथा," भन्ने शब्द थपिएको छ ।

(१९) दफा ११२ को उपदफा (१) र (२) मा रहेका "उत्पादन, प्रसारण वा निष्काशन " भन्ने शब्दहरुको सट्टा "उत्पादन, प्रशोधन, प्रसारण, निष्काशन, उत्सर्जन, ओसारपसार" भन्ने शब्दहरु राखिएका छन् ।

(२०) दफा १४७ को उपदफा (१) को खण्ड (क) मा रहेको "सरकारी" भन्ने शब्द झिकिएको छ ।

(२१) दफा १६८ को उपदफा (१) को स्पष्टीकरण झिकिएको छ।

(२२) दफा १७९ को उपदफा (१) मा रहेका "दफा १७६ वा १७७ " भन्ने शब्दहरुको सट्टा "दफा १७७ वा १७८" भन्ने शब्दहरु राखिएका छन् ।

(२३) दफा १९१ को उपदफा (२) को खण्ड (ख) मा रहेको "गरी" भन्ने शब्द पछि "दफा १०४ र १०५ मा उल्लिखित रोग बाहेकको अन्य कुनै" भन्ने शब्दहरु थपिएका छन् ।

(२४) दफा २२८ मा रहेका "दफा २२० र २२६" भन्ने शब्दहरुको सट्टा "दफा २२० र २२७" भन्ने शब्दहरु राखी दफा २२८ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ :-

"तर कसूरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसूरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा र प्रचलित कानून बमोजिमको पीडित राहतकोष स्थापना भई नसकेको अवस्थामा अदालतले नेपाल सरकारको महिला तथा बालबालिका विषय हेर्ने निकायको नाममा क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराईदिने गरी आदेश गर्न सक्नेछ र त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्ति वापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्नेछ। "

(२५) दफा २४४ को उपदफा (२) को खण्ड (क) को ठाउँठाउँमा रहेका "कुटपीट गरी चोट" भन्ने शब्दहरूको सट्टा "गम्भिर चोट" भन्ने शब्दहरू राखिएका छन् ।

(२६) दफा २४६ पछि देहायको दफा २४६क. थपिएको छ :–

"२४६क. <u>थप सजाय गरी क्षतिपूर्ति भराईने</u> : (१) कानून बमोजिम आवश्यक वस्तु मानिने कुनै सरकारी, सार्वजनिक वा निजी वस्तु वा सम्पत्ति चोरी गर्ने वा चोरी गरी प्राप्त गरेको बस्तु वा सम्पत्ति जानीजानी किन्ने वा बेच्ने कार्य गर्ने व्यक्ति लाई यस परिच्छेद बमोजिमको कसूरमा हुने सजायमा थप एक वर्ष कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(२) उपदफा (१) बमोजिमको वस्तु वा सम्पत्तिको हानि, नोक्सानी भइसकेको रहेछ भने त्यसको विगो बमोजिमको क्षतिपूर्ति समेत कसूरदारबाट भराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्ति यकिन भएकोमा सोही व्यक्ति र त्यस्तो व्यक्ति यकिन नभएकोमा त्यस्तो काम गर्न उक्साउने वा आदेश दिने व्यक्तिले कसूर गरेको मानिनेछ ।"

(२७) दफा २७६ को उपदफा (३) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :–

"(क१) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको लिखत कीर्ते गर्नेलाई खण्ड (क) बमोजिमको कैद र जरिबाना,"

(२८) दफा २८१ को उपदफा (२) मा रहेका "दफा २७३" भन्ने शब्दहरुको सट्टा "दफा २७६" भन्ने शब्दहरु राखिएका छन् ।

(२९) लामो शीर्षक, विधि निर्माण शुत्र, दफा १ को उपदफा (१), दफा ३ को खण्ड (ढ) को उपखण्ड (३), दफा ४ र दफा ५ बाहेक अन्यत्र ठाउँठाउँमा रहेको "ऐन" भन्ने शब्दको सट्टा "संहिता" भन्ने शब्द राखी रुपान्तर गरिएको छ ।

५. <u>मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ मा संशोधन</u> : मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को,–

(१) दफा १ को उपदफा (१) मा रहेका "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन , २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ३ को उपदफा (१) मा रहेका "यस ऐनको" भन्ने शब्दहरुको सट्टा "यस संहिताको" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ४ को,–

(क) उपदफा (२) मा रहेका "लिखित रुपमा नदिएमा" भन्ने शब्दहरुपछि "वा निजले दिएको जाहेरी दरखास्त अनुसूची–५ बमोजिमको ढाँचा अनुरुप नभएमा" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (३) मा रहेका "वा कुनै व्यक्ति मार्फत पठाएमा " भन्ने शब्दहरुको सट्टा "वा हुलाक वा कुनै व्यक्ति मार्फत पठाएमा" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :—

"(३क) उपदफा (१) बमोजिम हुलाक वा विद्युतीय माध्यमबाट प्राप्त हुन आएको सूचनाको विश्वसनीयता एकिन गर्नु पर्ने भएमा त्यस्तो सूचना दिने व्यक्तिलाई झिकाई प्रहरी कार्यालयले सनाखत गराउन सक्नेछ ।"

(घ) उपदफा (५) मा रहेका "प्रहरी कार्यालयले" भन्ने शब्दहरुको सट्टा "प्रहरी कार्यालय वा अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालय वा अधिकारीले" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ८ को,-

(क) उपदफा (१) को,-

(अ) प्रतिवन्धात्मक वाक्यांशको खण्ड (क) मा रहेका "२३३ को उपदफा (४) , दफा २३५, २३८ को उपदफा (४) " भन्ने शब्दहरुको सट्टा "२३३, २३५, २३८" भन्ने शब्दहरु राखिएका छन् ।

(आ) खण्ड (ख) झिकिएको छ।

(ख) उपदफा (३) मा रहेका "मुचुल्का तयार गरेपछि" भन्ने शब्दहरूको सट्टा "मुचुल्का तयार गर्दा" भन्ने शब्दहरू राखिएका छन् ।

(५) दफा ९ को,–

(क) उपदफा (६) मा रहेका "नभएमा वा" भन्ने शब्दहरूको सट्टा "नभएमा" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (७) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :–

"तर कसूरसँग सम्बन्धित सवूद प्रमाण नष्ट हुने , हराउने वा नासिने सम्भावना भएमा पक्राउ गरिएको व्यक्तिको शरिर, निजले प्रयोग गरेको चिजवस्तु, सवारी साधन, निज रहेबसेको घर वा स्थानको तत्काल खानतलासी लिन सकिनेछ। त्यसरी खानतलासी लिएकोमा त्यसको विवरण , खानतलासी पूर्जी तथा बरामदी मुचुल्का समेत संलग्न राखी मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।"

(ग) उपदफा (१६) को सट्टा देहायको उपदफा (१६) राखिएको छ :–

"(१६) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची –१ वा अनुसूची–२ अन्तर्गतका कुनै कसूर कुनै व्यक्तिले कुनै प्रहरी कर्मचारी वा अधिकारीको उपस्थितिमा वा कुनै सरकारी कार्यालयमा गरेमा त्यस्तो व्यक्तिलाई सम्बन्धित प्रहरी कर्मचारी, अधिकारी वा कार्यालय प्रमुखले भाग्न उम्कन नदिई निजलाई पक्राउ गरी सम्बन्धित प्रहरी कार्यालय वा अनुसन्धान अधिकारी समक्ष बुझाउनु पर्नेछ ।"

(घ) उपदफा (१६) पछि देहायको उपदफा (१७) थपिएको छ :–

"(१७) उपदफा (८) र (१६) बमोजिम पक्राउ गरी ल्याएको व्यक्तिलाई सम्बन्धित प्रहरी वा अनुसन्धान अधिकारीले जरुरी पक्राउ पूर्जी दिई उपदफा (६) बमोजिम स्वीकृतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।"

(६) दफा ११ को उपदफा (१) मा रहेका "प्रहरी कार्यालयले" भन्ने शब्दहरुको सट्टा "प्रहरी कार्यालय वा सम्बन्धित अनुसन्धान अधिकारीले" भन्ने शब्दहरु राखिएका छन् ।

(७) दफा १२ को उपदफा (५) मा रहेका "प्रहरी कार्यालयलाई" भन्ने शव्दहरुको सट्टा "प्रहरी कार्यालय वा अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालय वा अधिकारीलाई " भन्ने शव्दहरु राखिएका छन् ।

(८) दफा १४ को,-

(क) उपदफा (३) को स्पष्टीकरणको ठाउँठाउँमा रहेका "प्रहरी कार्यालय" भन्ने शव्दहरुको सट्टा "प्रहरी कार्यालय वा अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालय" भन्ने शव्दहरु राखिएका छन् ।

(ख) उपदफा (७) मा रहेका "सरकारी वकील दुवैले" भन्ने शब्दहरु पछि "संयुक्त रुपमा" भन्ने शब्दहरु थपिएका छन् ।

(९) दफा १५ को उपदफा (४) मा रहेका "जमानी दिने व्यक्तिलाई पाँच हजार रूपैयासम्म जरिवाना हुनेछ" भन्ने शब्दहरुको सट्टा "जमानी दिने व्यक्तिलाई अनुसन्धान गर्ने अधिकारीले पचास हजार रूपैयासम्म जरिवाना गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(१०) दफा १८ को उपदफा (८) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखिएका छन् ।

(११) दफा २१ को उपदफा (१) मा रहेका " डि.एन.ए. वा अन्य कुनै भौतिक प्रमाण" भन्ने शब्दहरुको सट्टा "डि.एन.ए. वा विद्युतीय स्वरुपमा रहेको सामग्री वा अन्य कुनै भौतिक प्रमाण" भन्ने शब्दहरु राखिएका छन् ।

(१२) दफा २२ को,–

(क) उपदफा (५) मा रहेका "प्रहरी कार्यालयलाई" भन्ने शब्दहरुको सट्टा "प्रहरी कार्यालय वा अनुसन्धान गर्ने अधिकार प्राप्त कार्यालय वा अधिकारीलाई" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :–

"(६) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले घा जाँच गर्न सरकारी चिकित्सक वा स्वास्थकर्मीलाई लेखी नपठाएमा त्यसको व्यहोरा उल्लेख गरी सरोकारवाला व्यक्तिले अदालतमा निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा अदालतले घा जाँचको लागि सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीलाई आदेश दिन सक्नेछ ।"

(१३) दफा २५ को,–

(क) दफा शीर्षकमा र उपदफा (१) मा रहेका "प्रहरी डायरी" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान डायरी" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (३) मा रहेको "प्रहरीले" भन्ने शब्द झिकिएको छ ।

(ग) ठाउँठाउँमा रहेको "प्रहरी अधिकृतले" भन्ने शब्दहरुको सट्टा "प्रहरी अधिकृत वा अनुसन्धान अधिकारीले" भन्ने शब्दहरु राखिएका छन् ।

(१४) दफा ३१ को,–

(क) उपदफा (३) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखी सोही उपदफाको स्पष्टीकरण झिकिएको छ :–

"तर महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने आ फ्नो अधिकार मातहतको सरकारी वकीललाई सुम्पिएकोमा त्यस्तो मिसिल सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ ।"

(ख) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छ :–

"(८) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची –१ वा अनुसूची–२ मा उल्लिखित कुनै कसूरमा प्रमाणको अभावमा मुद्दा नचलाउने गरी निर्णय भए पनि पछि कुनै महत्वपूर्ण प्रमाण प्राप्त भएमा त्यस्तो कसूरका सम्बन्धमा पुनः अनुसन्धान गरी अभियोगपत्र दायर गर्न सकिनेछ ।"

(१५) दफा ३२ को,–

(क) उपदफा (१) को खण्ड (ञ) पछि देहायका खण्ड (ञ१) र (ञ२) थपिएका छन् :–

"(ञ१) कुनै अभियुक्त फरार रहेको भए निजको सम्पत्ति तथा अन्य विवरण र निज कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति भए सोको विवरण,

(ञ२) अभियोग लगाईएको कसूरबाट अभियुक्तको नैतिक पतन हुने भएमा सोको लागि माग दाबी,"

(ख) उपदफा (९) मा रहेका "उच्च सरकारी वकील कार्यालयले " भन्ने शब्दहरुको सट्टा "उच्च सरकारी वकील कार्यालयको प्रमुखले" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (१०) मा रहेका "उच्च सरकारी व कीलले" भन्ने शब्दहरुको सट्टा "उच्च सरकारी वकील कार्यालयको प्रमुखले" भन्ने शब्दहरु राखिएका छन् ।

(घ) उपदफा (१३) मा रहेका "अनुसन्धानबाट निज उपर मुद्दा नचल्ने निर्णय भएमा " भन्ने शब्दहरुको सट्टा "निज उपर मुद्दा चलाइएकोमा आदालतबाट अन्यथा आदेश भएकोमा बाहेक थुनछेक आदेश भए पछि र मुद्दा नचल्ने निर्णय भएमा" भन्ने शब्दहरु राखिएका छन् ।

(१६) दफा ३३ को उपदफा (२) मा रहेका "सिफारिस भई आएमा सरकारी वकीलले त्यस्तो सिफारिस" भन्ने शब्दहरुको सट्टा "सिफारिस भई आएमा वा अनुसन्धान प्रतिवेदन वा मिसिल संलग्न कागजातबाट अभियुक्तले अनुसन्धानमा सहयोग पु र्याएको देखिएमा सरकारी वकीलले त्यस्तो सिफारिस वा सहयोग" भन्ने शब्दहरु राखिएका छन् ।

(१७) दफा ३४ को,–

(क) उपदफा (१) मा रहेका "कुनै खास किसिमको" भन्ने शब्दहरुको सट्टा "अनुसूची–१ वा अनुसूची–२ बमोजिमको कुनै खास किसिमको" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (५) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (४)" भन्ने शब्दहरु राखिएका छन् ।

(१८) दफा ३७ को उपदफा (१) मा रहेका "जिल्ला अदालत" भन्ने शब्दहरुको सट्टा "अदालत" भन्ने शब्द राखिएको छ ।

(१९) दफा ५१ को,–

(क) उपदफा (१) मा रहेका "अदालतको अधिकार क्षेत्र नभएको वा हदम्याद नभएको भन्ने प्रश्न उठाएमा" भन्ने शब्दहरुको सट्टा "अदालतको अधिकार क्षेत्र नभएको, बादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको वा हदम्याद नभएको भन्ने प्रश्न उठाएमा " भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "पैंतीस दिनभित्र" भन्ने शब्दहरुको सट्टा "तीस दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२०) दफा ५२ को,–

(क) उपदफा (५) मा देहायको प्रति वन्धात्मक वाक्यांश थपिएको छ :–

"तर दफा ३४ को उपदफा (७) मा उल्लिखित विषयमा सोही बमोजिम हुनेछ ।"

(ख) उपदफा (६) मा रहेका "छुट्टै उजुरी दिन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "अभियोग पत्र पेश गरेको साठी दिनभित्र छुट्टै उजुरी दिन सक्नेछ" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (ङ) मा रहेका "कुनै सङ्गठित संस्था संलग्न रहेको कसूरको सम्बन्धमा " भन्ने शब्दहरुको सट्टा "कसूरबाट कुनै सङ्गठित संस्थालाई क्षति पुगेकोमा " भन्ने शब्दहरु राखिएका छन् ।

(२१) दफा ५३ को,–

(क) उपदफा (१) मा रहेका "व्यवस्था भएकोमा बाहेक " भन्ने शब्दहरु पछि "अनुसूची–४ बमोजिमको" भन्ने शब्दहरु थपी सोही उपदफाको खण्ड (ङ) मा रहेका "कुनै सङ्गठित संस्था संलग्न रहेको कसूरको सम्बन्धमा" भन्ने शब्दहरुको सट्टा "कसूरबाट कुनै सङ्गठित संस्थालाई क्षति पुगेकोमा" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) को ठाउँठाउँमा रहेको "अभियुक्त" भन्ने शब्दको सट्टा "अभियुक्त वा प्रतिवादी" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (छ) मा रहेको "अभियोग" भन्ने शब्दको सट्टा "अभियोग वा आरोप" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (३) मा रहेको "अभियुक्त" भन्ने शब्दको सट्टा "अभियुक्त वा प्रतिवादी " भन्ने शब्दहरु राखी सो उपदफाको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(२२) दफा ५८ को,–

(क) उपदफा (८) मा रहेका "स्थानीय व्यक्ति" भन्ने शब्दहरुको सट्टा "स्थानीय व्यक्तिलाई साक्षी" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (१३) मा रहेका "कुनै राष्ट्रिय दैनिक समाचारपत्रमा " भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा " भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (१५) मा रहेका "उपदफा (८) बमोजिम सूचना टाँसि ए पछि" भन्ने शब्दहरु पछि "वा उपदफा (१३) बमोजिम सूचना प्रकाशन भए पछि " भन्ने शब्दहरु थपिएका छन् ।

(२३) दफा ५९ को,–

(क) उपदफा (१) , (२) र (३) को सट्टा देहायका उपदफा (१) , (२) र (३) राखिएका छन् :–

"(१) अदालतले यस ऐन बमोजिम अभियुक्त वा प्रतिवादीको नाउँमा अदालतमा उपस्थित हुन समाह्वान जारी गर्दा बाटाको म्याद बाहेक एक्काईस दिनको अवधि तोकी म्याद जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभियुक्त वा प्रतिवादीको नाउँमा समाह्वान जारी गर्दा अनुसूची –४ मा उल्लिखित कसूर बाहेकको मुद्दामा अनुसूची –२६ बमोजिमको ढाँचामा र अनुसूची–४ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा अनुसूची –२७ बमोजिमको ढाँचामा म्याद जारी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र उपस्थित हुन नसकेको कारण देखाई समाह्वानको म्याद थामि पाउन निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिव देखिएमा अदालतले एकपटकको लागि बढीमा पन्ध्र दिनसम्मको समाह्वानको म्याद थामी दिने आदेश दिन सक्नेछ।"

(ख) उपदफा (४) झिकिएको छ ।

(ग) उपदफा (५) मा रहेको "अभियुक्त" भन्ने शब्दको सट्टा "अभियुक्त वा प्रतिवादी " भन्ने शब्दहरु राखि सोही उपदफाको स्पष्टीकरणको खण्ड (क) मा रहेको "शोकवरण" भन्ने शब्दको सट्टा "किरिया सरहको शोकवरण" भन्ने शब्दहरु राखिएका छन् ।

(घ) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ :-

"(७) उपदफा (५) बमोजिम दिइने निवेदन साथ काबू बाहिरको परिस्थिति उत्पन्न भएको व्यहोरा पुष्टी गर्न आवश्यक पर्ने प्रमाण संलग्न गर्नु पर्नेछ ।"

(२४) दफा ६१ को,–

(क) उपदफा (२) मा रहेका "जारी भएको जुन व्यक्तिको नाममा " भन्ने शब्दहरुको सट्टा "जारी भएको समाह्वान जुन व्यक्तिको नाममा" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (४) मा रहेका "वडा समितिमा" भन्ने शब्दहरुको सट्टा "वडा कार्यालयमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२५) दफा ६३ को,–

(क) उपदफा (१) मा रहेका "बुझाउनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "बुझाई पक्राउ गरी ल्याउनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (४) मा रहेका "सम्बन्धित वडाको सदस्य एक जना र कम्तीमा दुई जना स्थानीय ब्यक्ति समेत राखी " भन्ने शब्दहरुको सट्टा "सम्बन्धित वडा समितिका सदस्य उपलब्ध भए निज र निज पनि उपलब्ध नभए कम्तीमा दुई जना स्थानीय व्यक्ति साक्षी राखी" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (५) मा रहेका "वडा समितिले" भन्ने शब्दहरुको सट्टा "वडा कार्यालयले" भन्ने शब्दहरु राखिएका छन् ।

(२६) दफा ६५ को उपदफा (१) मा रहेका "तीस दिनको" भन्ने शब्दहरुको सट्टा "पैंतीस दिनको" भन्ने शब्दहरु राखिएका छन् ।

(२७) दफा ६६ को ठाउँ ठाउँमा रहेका "म्याद वा सूचना" भन्ने शब्दहरुको सट्टा "म्याद, पक्राउ पूर्जी, समाह्वान वा सूचना" भन्ने शब्दहरु राखिएका छन् ।

(२८) दफा ६७ को–

(क) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) अभियुक्तले अदालतमा कसूर स्वीकार गरेको र मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गर्दा थुनामा राख्न मनासिब देखिएको"

(ख) उपदफा (३) मा रहेका "धरौट वा जमानतमा" भन्ने शब्दहरुको सट्टा "धरौटी वा जमानत लिई तारेखमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२९) दफा ६८ को उपदफा (१) मा रहेका "धरौट, जमानत वा बैंक जमानत माग्न सक्नेछ " भन्ने शब्दहरुको सट्टा "धरौटी, जमानत वा बैंक जमानत लिई तारेखमा राख्न सक्नेछ " भन्ने शब्दहरु राखिएका छन् ।

(३०) दफा ७३ मा रहेका "व्यक्तिले" र "पाँच वर्ष वा" भन्ने शब्दहरुको सट्टा क्रमशः "पक्षले" र "दश वर्ष वा" भन्ने शब्दहरु राखिएका छन् ।

(३१) दफा ८० को सट्टा देहायको दफा ८० राखिएको छ :–

"८०. थुनुवा पूर्जी दिनु पर्ने : यस परिच्छेद बमोजिम कुनै व्यक्तिलाई थुनामा राख्दा त्यसको कानूनी आधार र कारण खुलाई अधिकार प्राप्त अधिकारीले अनुसूची –३२ बमोजिमको ढाँचामा थुनुवा पूर्जी दिई थुनामा राख्नु पर्नेछ ।"

(३२) दफा ८२ को उपदफा ( ३) मा रहेका "तारिख किताबमा " भन्ने शब्दहरुको सट्टा "तारिख भरपाईमा" भन्ने शब्दहरु राखिएका छन् ।

(३३) दफा ८५ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छ :–

"तर तोकिएको तारिखका दिन काबूबाहिरको परिस्थिति उत्पन्न भई अदालतमा उपस्थित हुन नसकेको कारण देखाई मुद्दाका कुनै पक्षले निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिब देखिएमा अदालतले बढीमा दुई पटकसम्म एक्काईस दिनसम्मको गुज्रेको तारिख थामिदिने आदेश दिन सक्नेछ ।"

(३४) दफा ८६ को,–

(क) उपदफा (१) मा रहेको "अनुसूची-४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा " भन्ने शब्दहरूको सट्टा "मुद्दाको कुनै पक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "दफा ५९ को उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही" भन्ने शब्दहरु झिकिएका छन् ।

(३५) दफा ८८ को उपदफा (१) मा रहेका "यस दफामा" भन्ने शब्दहरुको सट्टा "यस परिच्छेदमा" भन्ने शब्दहरु राखिएका छन् ।

(३६) दफा ९७ को,–

(क) उपदफा (३) पछि देहाय को उपदफा (३क) थपिएको छ :–

"(३क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अर्को अदालतमा विचाराधीन रहेको मुद्दाको निर्णय भएको जानकारी प्राप्त भएमा वा मुद्दा

मुलतबी राखी राख्नु पर्ने कुनै कारण नदेखिएमा अदालतले मुलतवी रहेको मुद्दा तुरुन्त जगाई कारबाही गर्नु पर्नेछ ।”

(ख) उपदफा (७) मा रहेका "पुनरावेदन सुन्ने अदालतको आदेश बमोजिम गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन सुन्ने अदालतले एक महिनाभित्र उपयुक्त आदेश गर्नेछ र त्यस्तो आदेश बमोजिम सम्बन्धित अदालतले मुद्दाको कारबाही गर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छ :–

"(८) उपदफा (५) बमोजिम भिन्न राय भएका दुई अदालतको पुनरावेदन सुन्ने अदालत एउटै नभई भिन्नभिन्न भएमा त्यस्तो विषयको प्रतिवेदन सर्वोच्च अदालतमा पेश गर्नु पर्नेछ । यसरी पेश भएको विषयमा सर्वोच्च अदालतले तीन महिनाभित्र उपयुक्त आदेश गर्नेछ र सम्बन्धित अदालतले त्यस्तो आदेश बमोजिम मुद्दाको कारबाही गर्नु पर्नेछ ।"

(३७) दफा ९८ को,–

(क) उपदफा (२) मा रहेका "मुद्दाको सबै कारबाही स्थगन गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "मुद्दा मुलतबी रहेका प्रतिवादीहरुको हकमा मुद्दाको कारबाही स्थगन गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :–

"(५) उपदफा (४) बमोजिम मुद्दा मुलतवी रहन सक्ने अवधिसम्म पनि अभियुक्त अदालतमा उपस्थित नभएमा दफा ५८ को उपदफा (१५) बमोजिम रोक्का भएको निजको हकको सम्पत्ति मुद्दा फैसला हुँदा निज कसूरदार ठहरेमा कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त भएको रकम मध्ये निजलाई फैसला बमोजिम लागेको दण्ड, जरिवाना, विगो वा क्षतिपूर्ति वापतको रकम असूल उपर गरिनेछ र बाँकी रकम निजले फिर्ता माग गर्न आएको बखत फिर्ता दिनु पर्नेछ ।"

(३८) दफा १०२ को ठाउँ ठाउँमा रहेको "साक्षी" भन्ने शब्द झिकिएको छ ।

(३९) दफा १०४ को सट्टा देहायको दफा १०४ राखिएको छ :–

"१०४. <u>सद्दे किर्तेमा बयान गराउनु पर्ने</u> : (१) प्रमाण बुझ्न तोकिएको तारिखमा बादीले पेश गरेको प्रमाणको कागज प्रतिबादीलाई र प्रतिबादीले पेश गरेको प्रमाणको कागज बादीलाई सक्कलै देखाई सुनाई निजले त्यस्तो कागजलाई सद्दे, कीर्ते वा जालसाजी नामाकरण गरेमा अदालतले सोही व्यहोराको बयान गराई अभिलेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम देखाउँदा वा सुनाउँदा तत्काल सद्दे, कीर्ते वा जालसाजी छुट्याउन नसक्ने भई कुनै पक्षले म्याद माग गरेमा अदालतले तीन दिनसम्मको म्याद दिनु पर्नेछ ।

(३) मुद्दाको पक्ष बाहेक अरुको सहीछाप परेको कागज पेश भएमा तत्काल सद्दे, कीर्ते वा जालसाजी छुट्याई नामाकरण गर्न नसक्ने भई मुद्दाका कुनै पक्षले म्याद मागेमा प्रमाण सहित सद्दे, कीर्ते वा जालसाजीमा बयान गर्न पन्ध्र दिनसम्मको म्याद दिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको म्यादभित्र बयान गर्ने व्यक्तिले सद्दे , कीर्ते वा जालसाजी जे नामाकरण गर्दछ अदालतले सोही अनुरुप बयान गराई अभिलेख गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम बयान गराउँदा कुनै पक्षले त्यस्तो लिखत कीर्ते वा जालसाजी हो भन्ने बयान गरेमा अदालतले सो दिन मुद्दाका सबै पक्षहरू हाजिर रहेको भए निजहरूको सोही दिन र कुनै पक्ष हाजिर नरहेको भए त्यस्तो पक्षको हकमा त्यसपछि हाजिर भएकै दिन बयान गराउनु पर्नेछ ।

(६) वारिस वा कानून व्यवसायी तारिखमा रहेको मुद्दामा सम्बन्धित पक्षलाई नै झिकाउनु आवश्यक देखिएमा अदालतले त्यस्तो पक्षलाई झिकाई निजको बयान गराउनु पर्नेछ ।

(७) यस दफा बमोजिम प्रमाणको कागज देखाउँदा वा सुनाउँदा सम्बन्धित पक्षले सद्दे, कीर्ते वा जालसाजी छुट्टाउन नसक्ने भएमा अदालतले त्यस्तो प्रमाणको कागज जाँच गर्न सम्बन्धित विशेषज्ञ समक्ष पठाउन सक्नेछ ।"

(४०) दफा ११२ को उपदफा (५) मा रहेका "पैंतालीस दिनसम्म कैद" भन्ने शब्दहरुको सट्टा "पैंतालीस दिनसम्म कैद सजाय" भन्ने शब्दहरु राखिएका छन् ।

(४१) दफा ११४ को उपदफा (५) मा रहेका "सूचना प्राप्त भएमा प्रहरीले त्यस्ता साक्षीको " भन्ने शब्दहरुको सट्टा "सूचना प्रहरीलाई दिएमा प्रहरीले त्यस्ता साक्षी वा पीडितको " भन्ने शब्दहरु राखिएका छन् ।

(४२) दफा ११६ को उपदफा (२) को खण्ड (ख) मा रहेका "दफा ५६" भन्ने शब्दहरुको सट्टा "दफा ५२ र ५६" भन्ने शब्दहरु राखिएका छन् ।

(४३) दफा ११६ पछि देहायको दफा ११६क. थपिएको छ :–

"११६क. दाबी फिर्ता लिन सक्ने : (१) नेपाल सरकार बादी हुने मुद्दामा बाहेक अन्य कुनै पनि मुद्दामा मुद्दाको पक्षले उजुरी, पुनरावेदनपत्र वा निवेदनपत्रमा आफूले लिएको दाबी त्यागी सो दाबी फिर्ता लिनको लागि वा आफ्नो दाबी सावित गर्न नसक्ने वा दाबीको प्रयोजन समाप्त भएको कारण देखाई सो उजुरी, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिनको लागि मुद्दाको फैसला हुनु अघि जुनसुकै बखत अदालतमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अदालतले निवेदन माग बमोजिम उजुरी, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिन अनुमति दिने आदेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उजुरी , पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिने आदेश भएमा अदालतले सो मुद्दाको लगत कट्टा गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम कसैले उजुरी , पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिएकोमा सोही व्यक्तिले त्यस्तो उजुरी , पुनरावेदनपत्र वा निवेदनमा विपक्ष बनाइएका व्यक्ति उपर सोही विषयमा उजुर गर्न सक्ने छैन ।"

(४४) दफा ११७ को सट्टा देहायको दफा ११७ राखिएको छ:–

"११७. मिलापत्र हुन सक्ने : (१) अनुसूची–३ र अनुसूची–४ अन्तर्गतका कसूर सम्बन्धी कुनै मुद्दामा मुद्दाका पक्षहरुको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिनेछ ।

(२) उपदफा (१) को अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा नेपाल सरकारले त्यस्तो मुद्दामा सरकारी वकील मार्फत मिलापत्र गराउन आदेश दिन सक्नेछ ।"

(४५) दफा ११८ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) यस परिच्छेद बमोजिम मिलापत्र गर्दा वारेसनामा दिई मिलापत्र गर्ने अधिकार दिएकोमा सोही बमोजिम र वारेसनामामा वारिसलाई त्यस्तो अधिकार नदिएकोमा वारिस मार्फत मिलापत्र गर्दा त्यस्तो व्यहोरा उल्लेख भएको पक्षको मञ्जुरीनामा पेश गर्नु पर्नेछ।"

(४६) दफा १२१ को उपदफा (२) मा रहेका "त्यस्तो अभियोगमा समेत" भन्ने शब्दहरुको सट्टा "त्यस्तो अभियोगमा हुनसक्ने सजाय समेत" भन्ने शब्दहरु राखिएका छन् ।

(४७) दफा १२४ को उपदफा (१) मा रहेका "कसूर स्वीकर नगरेको अवस्थामा" भन्ने शब्दहरूको सट्टा "कसूर इन्कार रहेको वा इन्कारी प्रतिउत्तर दिएको अवस्थामा" भन्ने शब्दहरू राखिएका छन् ।

(४८) दफा १२८ को उपदफा (५) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखिएका छन् ।

(४९) दफा १३१ को,–

(क) उपदफा (६) मा रहेका "एक महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "एक्काइस कार्य दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छ :–

"(६क) उपदफा (६) बमोजिम तयार गरिएको फैसलामा फैसला भएको र फैसला तयार भएको मिति उल्लेख गरी न्यायाधीशले हस्ताक्षर गरी प्रमाणीकरण गर्नु पर्नेछ ।"

(५०) दफा १३३ को उपदफा (२) को ठाउँठाउँमा रहेका "विगो" भन्ने शब्दहरुको सट्टा "विगो वा क्षतिपूर्ति" भन्ने शब्दहरु राखिएका छन् ।

(५१) दफा १३४ को,-

(क) उपदफा (१) मा रहेका "तीस दिनभित्र" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको हकमा सत्तरी दिन र अन्य मुद्दामा तीस दिनभित्र " भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछः–

"तर सरकार वादी भएको मुद्दाको हकमा दफा १३२ को उपदफा (४) बमोजिम फैसलाको जानकारी प्राप्त भएको मितिबाट पुनरावेदन गर्ने म्याद शुरु हुनेछ ।"

(५२) दफा १४० को,–

(क) उपदफा (३) र (४) को सट्टा देहायका उपदफा (३) र (४) राखिएका छन् :–

"(३) उपदफा (१) बमोजिम सुनुवाई गर्दा तल्लो अदालतबाट भएको निर्णय फरक पर्न सक्ने देखिएमा त्यसको कारण खुलाई पुनरावेदन सुन्ने अदालतले सुनुवाईको लागि प्रत्यर्थी झिकाउने आदेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रत्यर्थी झिकाउने आदेश भएमा पुनरावेदन सुन्ने अदालतले पुनरावेदन पत्रको प्रतिलिपि साथै राखी प्रत्यर्थीको नाउँमा बाटोको म्यादबाहेक पन्ध्र दिनभित्र उपस्थित हुन म्याद जारी गर्नु पर्नेछ ।"

(ख) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएकोछः–

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन सुन्ने अदालतले चाहेमा उपदफा (१) बमोजिमको म्याद आफैंले वा शुरु मुद्दा फैसला गर्ने अदालत मार्फत यस संहिता बमोजिमको रीत पुर्याजई तामेल गर्न सक्नेछ।"

(ग) उपदफा (५) मा रहेका "उपदफा (३) बमोजिम सूचना" भन्ने शब्दहरुको सट्टा "उपदफा (४) बमोजिमको म्याद" भन्ने शब्दहरु राखिएका छन् ।

(घ) उपदफा (६) मा रहेको "लिखत" भन्ने शब्दको सट्टा "लिखित" भन्ने शब्द राखिएको छ ।

(५३) दफा १४३ मा रहेका "दफा १४०, १४१" भन्ने शब्दहरुको सट्टा "दफा १४०" भन्ने शब्दहरु राखिएका छन् ।

(५४) दफा १४४ को उपदफा (१) को–

(क) खण्ड (घ) मा रहेका "तल्लो अदालतलाई आदेश दिने ।" भन्ने शब्दहरुको सट्टा "तल्लो अदालतमा पठाउने," भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :–

"(ङ) तल्लो अदालतको फैसलामा आनुषङ्गिक वा प्रासङ्गिक परिवर्तन गर्ने ।"

(५५) दफा १४५ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :–

"(१क) प्रचलित कानून बमोजिम जन्मकैद गर्नु पर्ने मुद्दाको अभियुक्तले कसूर गरेको कुरामा अदालतमा सावित भएकोमा त्यस्तो कसूर गर्दाको परिस्थितिलाई विचार गर्दा जन्मकैदको सजाय गर्नु न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले कारण सहित घटी सजायको प्रस्ताव गरी राय सहित फैसला गरेकोमा त्यसरी फैसला भएको मितिले पैंतीस दिन भित्र मिसिल सहित पुनरावेदन सुन्ने अदालतमा साधक पेश गर्नु पर्नेछ ।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१क) बमोजिम साधक पेश भएकोमा पुनरावेदन सुन्ने अदालतले त्यसरी गरिएको घटी सजायलाई सदर गरेकोमा सर्वोच्च अदालतमा साधक पेश गर्नु पर्नेछ ।"

(५६) दफा १४७ को दफा शीर्षक पछि "(१)" भन्ने अङ्क थपिएको छ ।

(५७) दफा १५१ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :–

"(५) फैसला कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा कारागार कार्यालयले सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनु पर्नेछ र जिल्ला अदालतबाट निकासा भए बमोजिम गर्नु पर्नेछ ।"

(५८) दफा १५४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :–

"(१) दफा १५१ को उपदफा (४) बमोजिम अदालत मा उपस्थित कसूरदारको हकमा कैदी पूर्जी जारी भई आएपछि र फरारको हकमा समेत कसूरदार प्रहरी कार्यालयबाट पक्राउ भई

अदालतमा पेश गरी निजको नाममा कैदी पूर्जी जारी भई आएपछि कारागार कार्यालयले त्यस्तो कसूरदारलाई कानून बमोजिम कैदमा राख्नु पर्नेछ ।

तर अठार वर्ष उमेर नपुगेको बालबालिका कसूरदार ठहरिएकोमा निजलाई नेपाल सरकारले व्यवस्था गरेको छुट्टै बाल सुधार गृह वा यस्तै अन्य गृहमा राख्नु पर्नेछ ।"

(५९) दफा १६० को उपदफा (१) को खण्ड (ङ) मा रहेको "पूरै" भन्ने शब्द झिकिएको छ ।

(६०) दफा १६४ को उपदफा (३) को खण्ड (ङ) मा रहेका "छ महिना" भन्ने शब्दहरुको सट्टा "छ महिनाको दरले" भन्ने शब्दहरु राखिएका छन् ।

(६१) दफा १६५ को उपदफा (१२) मा रहेका "सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(६२) दफा १६६ को उपदफा (२) को,-

(क) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :—

" (ख) सरकारी विगो,"

(ख) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :—

"(ग१) विगो,"

(६३) दफा १६७ को,-

(क) उपदफा (१) मा रहेको "कसूरदार" भन्ने शब्दको सट्टा "अभियुक्त, प्रतिवादी वा कसूरदार" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (४) मा रहेको "उजुर" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ ।

(६४) दफा १६८ को उपदफा (४) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखिएका छन् ।

(६५) दफा १६८ पछि परिच्छेद–१६ मा देहायको दफा १६८क. थपिएको छ :–

"१६८क. उजुर गर्न सक्ने : (१) अदालतका कर्मचारीले मुद्दामा गरेको काम कारबाही उपर चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले पन्ध्र दिनभित्र सोही अदालतका न्यायाधीश समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरी मा भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको पन्ध्र दिन भित्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परेको उजुरी एक महिनाभित्र र उपदफा (२) बमोजिम परेको निवेदन दुई महिनाभित्र टुङ्गो लगाउनु पर्नेछ ।

(४) फैसला कार्यान्वयनको उपस्थितिको लागि दिइएको सूचना प्राप्त गरी तारेखमा अनुपस्थित रहने पक्षले यस दफा बमोजिमको उजुरी वा निवेदन दिन पाउने छैन ।"

(६६) दफा १६९ को सट्टा देहायको दफा १६९ राखिएको छ :–

"१६९. सम्बन्धित जिल्ला अदालतलाई अधिकारक्षेत्र हुने : (१) अपराध संहितामा उल्लिखित मुद्दामा जिल्ला अदालतले शुरु कारबाही, सुनुवाई र किनारा गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपराध संहितामा मुद्दा हेर्ने अधिकारी सम्बन्धमा छुटै व्यवस्था भएको वा सो संहितामा उल्लिखित मुद्दा मध्ये नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुटै मुद्दा हेर्ने अधिकारी

तोकिदिएकोमा त्यस्ता अधिकारीबाट त्यस्ता मुद्दाको शुरु कारबाही , कारबाही, सुनुवाई र किनारा गर्न बाधा पर्ने छैन ।

(३) कानून बमोजिम कुनै अदालत, निकाय वा अधिकारीलाई मुद्दामा कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार भएको तर त्यस्तो अदालत वा निकाय गठन नभएको वा अधिकारी नतोकिएको अवस्थामा त्यस्तो अदालत वा निकाय गठन नभएसम्म वा अधिकारी नतोकिएसम्म त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार समेत सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।"

(६७) दफा १६९ पछि देहायको दफा १६९क. थपिएको छ :–

"१६९क. हदम्याद : प्रचलित कानून बमोजिम हदम्याद तोकिएकोमा सोही बमोजिम र हदम्याद नतोकिएकोमा जहिलेसुकै मुद्दा गर्न सकिनेछ ।"

(६८) दफा १७२ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) पक्षको नाममा जारी भएको पक्राउ पूर्जी वा समाह्वान"

(६९) दफा १७० झिकिएको छ ।

(७०) दफा १७७ को उपदफा (२) को खण्ड (ख) मा रहेका "परिच्छेद–६" भन्ने शब्दहरुको सट्टा "परिच्छेद–७" भन्ने शब्दहरु राखिएका छन् ।

(७१) दफा १८२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः–

"(३) उपदफा (२) बमोजिम लिखत दरपीठ भएकोमा तीन दिनभन्दा बढी हदम्याद वा म्याद बाँकी रहेछ भने बाँकी रहेको हदम्याद वा म्यादभित्र र तीन दिनभन्दा कम हदम्याद वा म्याद बाँकी रहेछ भने दरपीठ भएको मितिले सात दिनभित्र रीत पु र्याई वा सच्याई दर्ता गर्न ल्याएमा सम्बन्धित अधिकृतले त्यस्तो लिखत दर्ता गर्ने आदेश दिनु पर्नेछ ।"

(७२) दफा १९३ पछि देहायको दफा १९३क. थपिएकोछ :–

"१९३क.दस्तुर लाग्ने : (१) यस संहितामा अन्यथा उल्लेख भएकोमा बाहेक अदालतमा देहायका विषयमा देहाय बमोजिम दस्तुर लाग्नेछः–

(क) उजुरीपत्र, फिरादपत्र वा प्रतिउत्तरपत्र दिंदा रु २००।–

(ख) पुनरावेदनपत्र दिंदा रु ३००। –

(ग) खण्ड (क) र (ख) बमोजिम बाहेक अन्य निवेदन दिंदा रु १०। –

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबा दी भएको मुद्दामा उपदफा (१) बमोजिमको दस्तुर लाग्ने छैन ।"

(७३) दफा १९६ को उपदफा (१) मा रहेका "अनुसन्धानको विषयमा" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान, अभियोजन तथा सरकारी वकीलको काम , कर्तव्य र अधिकारको विषयमा " भन्ने शब्दहरु राखिएका छन् ।

(७४) दफा १९८ को सट्टा देहायको दफा १९८ राखिएको छ :—

"१९८. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने : (१) नेपाल सरकारले महान्यायाधिवक्ताको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची–१, अनुसूची–२, अनुसूची–३ र अनुसूची–४ मा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बाहेक अन्य अनुसूचीमा अनुसन्धान तथा अभियोजन सम्बन्धी विषयमा महान्यायाधिवक्ता को र अदालती कारबाहीको विषयमा सर्वोच्च अदालतको परामर्शमा कानून , न्याय तथा संसदीय मामिला मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।"

(७५) लामो शीर्षक, विधि निर्माण शुत्र, दफा १ को उपदफा (१), दफा २ को खण्ड (ङ), दफा ३ को उपदफा (१) तथा अनुसूची–१ बाहेक अन्यत्र ठाउँठाउँमा रहेको "ऐन" भन्ने शब्दको सट्टा "संहिता" भन्ने शब्द राखी रुपान्तर गरिएको छ ।

६. <u>फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन , २०७४ मा संशोधनः</u> फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को,–

(१) दफा १ को उपदफा (२) मा रहेका "दफा २२, २५" भन्ने शब्दहरुको सट्टा "दफा २२, २४, २५" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २ को,–

(क) खण्ड (क) मा रहेका "मुलुकी अपराध (संहिता) ऐन ,२०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी अपराध संहिता,२०७४" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ज) मा रहेका "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन , २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ३ को उपदफा (२) को खण्ड (ख) मा रहेका "व्यवस्थापिका–संसदले" भन्ने शब्दहरुको सट्टा "सङ्घीय संसद वा प्रदेश सभाले" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ८ को उपदफा (१) को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछः–

"तर देहायको कसूर ठहर गर्दाकै बखत कसूरदारलाई सजाय निर्धारण गर्नु पर्नेछ :-

(क) प्रचलित कानूनमा नै कैद वा जरिवानाको निश्चित अंक किटान गरिएको कसूर,

(ख) तीन वर्षसम्म कैद वा तीस हजार रुपैंयाँसम्म जरिवाना हुने कसूर,

(ग) फौजदारी कार्यविधि संहिताको दफा १४५ को उपदफा (१क) बमोजिम घटी सजायको राय प्रस्ताब गरिएको बाहेकको जन्मकैद ठहर हुने कसूर।"

(५) दफा ९ को,

(क) उपदफा (१) मा रहेको प्रतिबन्धात्मक वाक्याँशको सट्टा देहाको प्रतिबन्धात्मक वाक्याशँ राखिएको छ :-

"तर दफा ८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्याँशमा लेखिएको कसूरको हकमा सजाय निर्धारण गर्दा छुट्टै सुनुवाई गर्नु पर्ने छैन ।"

(ख) उपदफा (२) मा रहेका "अवकास भएको" भन्ने शब्दहरुको सट्टा "अवकाश भएको, माथिल्लो तहको अदालतको न्यायाधीश पदमा नियुक्ति भएको , कुनै कारणले सो पदको काम गर्न नसक्ने भएमा वा पदमा नरहेमा" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा ११ को दफा शीर्षकको सट्टा देहायको दफा शीर्षक राखी उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

"<u>छुट्टाछुट्टै सजाय निर्धारण गर्नु पर्ने</u>"

(७) दफा १७ पछि देहायको दफा १७क. थपिएको छ :—

"१७क. कम सजाय तोक्ने र साधक पेश गर्ने : (१) प्रचलित कानून बमोजिम जन्मकैद गर्नु पर्ने मुद्दाको अभियुक्तले कसूर गरेको कुरामा अदालतमा सावित भएको र मिसिल संलग्न प्रमाणबाट त्यस्तो साबिती साँचो देखिएमा निजलाई जन्मकैदको सजाय दिदा त्यस्तो कसूर गर्दाको परिस्थितिलाई विचार गर्दा न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले घटी सजाय गर्न उपयुक्त देखेमा सोको कारण खुलाई राय सहितको फैसला गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कसूरदारलाई हुनु पर्ने सजाय निर्धारणको लागि छुट्टै सुनुवाई गरी सजायको प्रस्तावसहित पैतीस दिनभित्र मिसील सहित पुनरावेदन सुन्ने अदालतमा साधक पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम साधक पेश भएको विषयमा पुनरावेदन सुन्ने अदालतले पनि घटी सजाय गर्ने ठहर गरेकोमा सर्वोच्च अदालतमा साधक पेश गर्नु पर्नेछ ।"

(८) दफा २४ को,–

(क) उपदफा (२) र (३) मा रहेका "कैद निलम्बन" भन्ने शब्दहरुको सट्टा "कैद सजाय निलम्बन" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (४) मा रहेका "काम गर्ने गरी" भन्ने शब्दहरु पछि "शर्त तोकी" भन्ने शब्दहरु थपी सोही उपदफाको,-

(अ) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ ।

"(ख) पीडितको सहमति भएमा पीडित व्यक्तिको कुनै काममा सहयोग गर्ने "

(आ) खण्ड (ङ) झिकिएको छ ।

(९) ऐनको दफा २८ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (१) बमोजिम खुल्ला कारागारमा राखिएको कसूरदारले उपदफा (२) बमोजिमका शर्तहरु पालना गरी त्यस्तो अवधि भुक्तान गरेमा निजले खुल्ला कारागारमा रही त्यस्तो कैद भुक्तान गरेको मानिनेछ ।"

(१०) दफा २९ मा रहेका "जिल्ला प्रोवेशन तथा प्यारोल बोर्डको" भन्ने शब्दहरुको सट्टा "प्रोवेशन तथा प्यारोल बोर्डको" भन्ने शब्दहरु राखिएका छन् ।

(११) दफा ३७ मा रहेका "तीन चौथाई कैद" भन्ने शब्दहरुको सट्टा "पचास प्रतिशत कैद" भन्ने शब्दहरु राखि सोही दफाको खण्ड (च) मा रहेका "कारोबार सम्बन्धी कसूर ," भन्ने शब्दहरुको सट्टा "कारोबार सम्बन्धी कसूरमा सजाय पाएको," भन्ने शब्दहरु राखिएका छन् ।

७. केही नेपाल कानूनलाई संशोधन , एकीकरण, समायोजन र खारेज गर्ने ऐन , २०७४ मा संशोधन : केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को,–

(१) दफा ८ को उपदफा (१) को खण्ड (क) बाट संशोधन गरिएको खण्ड (ङ) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १५ को,–

(क) उपदफा (२) र (५) को सट्टा देहायका उपदफा (२) र (५) राखिएका छन्: –

"(२) दफा ३ को उपदफा (३) मा रहेका "मुलुकी ऐन, अदालती बन्दोवस्तको ७८ नं. बमोजिमको" भन्ने शब्दहरूको सट्टा "मुलुकी देवानी कार्यविधि संहिता, २०७४

को दफा १७२ वा मुलुकी फौजदारी कार्यविधि संहिता , २०७४ को दफा १०४ बमोजिमको" भन्ने शब्दहरू राखिएका छन् ।

(५) दफा ८ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :–

"(ख) मुलुकी देवानी कार्यविधि संहिता , २०७४ को दफा २२५ र दफा २२६ तथा मूलुकी फौजदारी कार्यविधि संहिता , २०७४ को दफा १९० मा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।"

(ख) उपदफा (६) मा रहेका "चित्त नबुझ्ने व्यक्तिले" भन्ने शब्दहरू पछि "थाहा पाएको मितिले तीसदिन भित्र" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उपदफा (७) अन्तर्गतको अनुसूची–१ को,–

(अ) क्रम संख्या ९ मा रहेका "श्रम ऐन, २०४८" भन्ने शब्दहरुको सट्टा "श्रम ऐन, २०७४" भन्ने शब्दहरु राखिएका छन् ।

(आ) क्रम संख्या १४ मा रहेका "मुलुकी देवानी (संहिता) ऐन , २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी संहिता , २०७४" भन्ने शब्दहरु राखिएका छन् ।

(ई) क्रम संख्या १५ मा रहेका "मुलुकी अपराध (संहिता) ऐन , २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी अपराध संहिता , २०७४" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १८ को उपदफा (१) अन्तर्गत संशोधन गरिएको दफा २४ को,–

(क) उपदफा (३) मा रहेका "प्रहरीले गिरफ्तार गरी " भन्ने शब्दहरुको सट्टा "निकुञ्ज वा आरक्षका सुरक्षाकर्मी वा कर्मचारीले" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (४) मा रहेका "अनुसन्धान अधिकारीले" भन्ने शब्दहरुको सट्टा "अधिकार प्राप्त अधिकारीले" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा २० को उपदफा (१) अन्तर्गत संशोधन गरिएको खण्ड (ख२) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा २६ को उपदफा (३) अन्त र्गत संशोधन गरिएको उपदफा (१) मा रहेका "परिच्छेद–१० मा" भन्ने शब्दहरुको सट्टा "परिच्छेद–१२ मा" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा २७ को उपदफा (२) अन्त र्गत संशोधन गरिएको दफा ५९ को उपदफा (३) मा रहेका "प्रहरीले" भन्ने शब्दहरुको सट्टा "प्रहरी वा वन सम्बन्धी काम गर्ने कर्मचारीले " भन्ने शब्दहरु राखिएका छन् ।

(७) दफा ३० झिकिएको छ ।

(८) दफा ३९ को,–

(क) उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :–

"(ग) गाली र बेइज्जतीको ऐन, २०१६"

(ख) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः –

"(क) कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको मुद्दा जुनसुकै तहमा भएपनि सोही अदालतबाट मुलुकी देवानी कार्यविधि संहिता वा मुलुकी फौजदारी कार्यविधि संहिताको कार्यविधि अवलम्बन गरी कारबाही र किनारा हुनेछ ।"

(ग) उपदफा (२) को खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन् :-

"(ख१) विचाराधिन वा फैसला भईसकेको मुद्दामा जरिवाना वा बिगो बापत कैद गर्दा वा कैद बसेको अवधिलाई जरिवानामा परिणत गर्नुपर्दा मुलुकी देवानी कार्यविधि संहिता र मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्था बमोजिम हुनेछ।

(ख२) मुलुकी अपराध संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिता प्रारम्भ हुनु अगावै १६ वर्ष उमेर पूरा भएको र १८ वर्ष उमेर पूरा नभएको व्यक्तिले गरेको कसूरका सम्बन्धमा मुद्दा दायर गर्दा वा फैसला गर्दा मुलुकी अपराध संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्था बमोजिम हुनेछ र त्यस्तो व्यक्ति थुना वा कैदमा रहेछ भने मुद्दाको पुर्पक्ष वा सजाय भुक्तानको लागि निजलाई बाल सुधारगृहमा पठाउनु पर्नेछ।"

(९) दफा ४० को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :–

"(क) "सरकारी मुद्दा सम्बन्धी ऐन , २०४९ को अनुसूची –१" को सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१।"

८. <u>जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन , २०६८ मा संशोधन</u> : जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को दफा ७ को उपदफा (१) को खण्ड (क) मा रहेका "एक हजार रुपैयाँ देखि पच्चीस हजार रुपैंयाँसम्म " भन्ने शब्दहरुको सट्टा "तीस हजार रुपैंयाँसम्म " भन्ने शब्दहरु राखिएका छन् ।

९. <u>स्टाण्डर्ड नाप तौल ऐन, २०२५ मा संशोधन</u> : स्टाण्डर्ड नाप तौल ऐन, २०२५ को दफा ३३क. को सट्टा देहायको दफा ३३क. राखिएको छः–

"३३क. <u>मुद्दाको तहकिकात</u> : (१) दफा १९क., १९ख. र दफा ३० को उपदफा (१) र (३) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात र दायरी निरीक्षकले गर्नेछ ।

(२) दफा ३० को उपदफा (४) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात र दायरी महानिर्देशकले तोकेको अधिकृतले गर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम तहकिकातको काम पूरा भएपछि तहकिकात गर्ने अधिकारीले मुद्दा दायर गर्ने हदम्याद अगावै अनुसन्धान प्रतिवेदन सरकारी वकील समक्ष पेश गर्नु पर्नेछ ।"